पञ्चपुरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पञ्चपुरी नगरपालिका

बाबियाचौर ,सुर्खेत

प.स.: २०८०।०८१

च.न.:

मितिः २०८०।१०।२८

## न्यूनतम रोजगारी मा संलग्न हुन को लागि निवेदन दिने बारेको सुचना ।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सो को नियामावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संशोधन २०७८ सहित) को दफा १८ को उपदफा १ बमोजिम आगामी आ.व. २०८१।०८२ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक सामाजिक र आर्थिक अवसरवाट बन्चित महिला, आदिवासी जनजाती, दलित, सिमान्तकृत समुदाय तथा विपन्न बर्गका १८ देखि ५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिहरुले **फागुन महिना** भित्रमा आफुले स्थायी रुपमा बसोबास गरेको वडा कार्यालयमा आफ्नो पुर्ण विवरण सहित **अनुसुची १ अनुसारको फारम** भरि सुचिकृत हुन सम्बन्धित सवैमा यो सुचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा र यस सम्बन्धी बिस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाईट **www.pmep.gov.np** र वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड**

- निवेदन दिंदाको मिति सम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएको ।
- निवेदन दिंदाको मिति सम्म सोही आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम एकसय दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको ।
- १८ देखि ५९ वर्ष उमेर समुहको ।
- पूर्ण विवरण सहित रित पूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको ।

**आवश्यक कागजातहरु :**

- पञ्चपुरी नगरपालिका भित्र स्थायी बसोबास देखिने नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ( नागरिकतामा पञ्चपुरी नगरपालिका भित्र स्थायी बसोबास नदेखिएमा बसाईसराईको प्रमाणपत्र र विवाहितको हकमा विवाहदर्ता,
- एक प्रति पासपोट साइजको फोटा,
- निवेदक सहित परिवारका सम्पुर्ण अन्य सदस्यहरुको ना.प्रा.प्रमाणपत्रको प्रतिलिपी र ना.प्रा नभएको हकमा जन्म मिति खुल्ने प्रमाणपत्र,
- निवेदक सहित परिवारका सम्पुण सदस्यहरुको शैक्षिक योग्यता सिप दक्षता तथा रोजगारीको अवस्था ( आन्तरिक/बैदेशिक /स्वरोजगार ) सम्बन्धी विवरण,
- कुल वार्षिक परिवारिक आय, परिवारका सवै सदस्यहरुले सामाजिक सुरक्षा कोष अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी लिएको नलिएको विवरण,
- परिवारमा अपाङ्गता भएको सदस्य भएमा सो को विवरण खुल्ने प्रमाणपत्र ।

**बोधार्थः**

............................

( गंगादेव पुरी)

**नि.प्रमुख प्रशासकिय अधिकृत**

"कृषि , पशुपालन , स्वास्थ्य तथा स्वरोजगारः सुदृढ जनस्वास्थ्य सहितको समृद्धि पञ्चपुरीको आधार"

फोन नं.०८३-४१६०६७,वेबसाइट- www.panchapurimun.gov.np

CamScanner